# इन्टरनेट अनलाइनमा बालबालिकाको संरक्षण

*सुम्निमा तुलाधर, सिविन नेपाल*
*नोभेम्बर, २००९*

## बिषय प्रवेश

इन्टरनेट एउटा यस्तो माध्यम हो जसले सुचनामा असिमित पहुंच प्रदान गर्दछ । यसका साथै यसले मानिस मानिस बिच व्यापक सम्पर्क र सञ्चार आदान प्रदान गर्ने एक माध्यमको रुप समेत लिएको छ । साइबरस्पेस भनेको हाम्रो भौतकि संसारको एक छवि हो जसमा मानवताको दुबै राम्रा र नराम्रा पक्षहरु हुन्छन् ।

इन्टरनेटका व्यापक फाइदाहरुका वावज’द यो एउटा यस्तो माध्यम पनि हो जहां बालबालिका नराम्रोसंग प्रभावित ह’न सक्दछन् । सर्वप्रथम त इन्टरनेट सबै मानिसहरुले प्रयोग गर्दछन् र यसका बालद’राचारहिरु पनि पर्दछन् जसले बालबालिकाको शोषण गर्ने हेत’ले यस माध्यमको प्रयोग गरिरहेका ह’न्छन् । यस माध्यममा द’राचारीहरु केही हदसम्म पहिचान नख’लाइकन रहन सक्छन् र बालबालिकाले इन्टरनेटको प्रयोग गर्दा अन’गमनको कमीको कारण जो कसैलाइ पनि र खासगर्रा द’राचारीहरुलाई बालबालिकासंग सम्पर्क गर्न यो एक सजिलो माध्यम भएको छ । यसरी  इन्टरनेटमा बालबालिकासंग नकारात्मक सोच राखी सम्पर्क गर्दा कान’नी फन्दामा पर्ने डर कम रहेको पाइन्छ । त्यसैगरी इन्टरनेटको प्रयोग गर्दा बालबालिका तथा नवयुवाहरुले नकारात्मक सुचना वा बस्तुहरुमा पहुंच बढाइरहेको हुन्छ, जुन उनीहरुको लागि हानीकारक हुन सक्छन् किनकी इन्टरनेटमा कुनैपनि नैतिक पकड हुंदैन । यसका साथै इन्टरनेटमा हुने सामाजिक सम्पर्कहरु धेरै हदसम्म वास्तविकता भन्दा फरक रहेको हुन्छ ।

## इन्टरनेट अनलाइनमा बालबालिकाको निम्ति के कस्ता जोखिम हुन सक्छन्?

### १) बालबालिकाको अश्लिल चित्रण (Child Pornography)

इन्टरनेटमा बालबालिकाको चित्रण एक विश्वव्यापी समस्या हो जुन डरलाग्दो अनुपातमा बढ्दै गइरहेको छ ।[1] बालबालिकाको अश्लिल चित्रणले गहिरो र डरलाग्दो किसिमले सबै बालबालिकालाई हानी गरीरहेको हुन्छ । बालबालिकाहरु जसलाई यौन शोषण गरी बालअश्लिल सामग्री उत्पादन गरिएको हुन्छ, तिनीहरु त प्रत्यक्ष पीडित त हुन्छन् नै र तिनीहरुको चित्र जब जब हेरिन्छ, तिनिहरु पुनः पीडित भइरहेका हुन्छन् । यसैगरी बालबालिकाकाको अश्लिलत चित्रणले अन्य बालबालिकाहरु पनि जोखिममा पर्ने सम्भावना बढ्दै जान्छ किन भने बालबालिकालाई यसले यौन शोषणको बस्तुको रुपमा प्रतिबिम्बित गरेको हुन्छ ।[2] जो कसैले पनि बालबालबालिकाको अश्लिल चित्र हेर्छ वा प्रयोग गर्छ भने तिनले वास्तवमा बालबालिकाको शोषण गरिरहेको हुनेछ ।

इन्टरनेटले बालअश्लिल सामग्रीहरुमा पहुंच बढाउन असिमित सम्भावनाहरु प्रदान गरेको छ । संसारको कुनै पनि ठाउंमा उत्पादन गरिएका यस्ता सामग्रीहरु इमेल, वेभसाइट, च्याट, सामाजिक सञ्जाल र वेब क्यामराहरु मार्फत सजिलै जो कसैले पनि प्रयोग गर्न सक्ने अवस्था छ । यस प्रविधिले बाल दुराचारीहरुले आफ्नो सशक्त सामाजिक सञ्जाल बनाई यस्ता सामग्रीको उत्पादन र बिकि वितरण गर्न सहज बनाएको छ । जसकारण, सन् १९९७ देखि २००५ भित्रमा इन्टरनेटमा बालअश्लिल सामग्रीहरु १५०० प्रतिशतले बढेको छ (इन्टरपोलको अनुमान, २००५)। त्यसैगरी सं.रा. अमेरिकाको एफ.बि.आई. का अनुसार बालबालबालिकाको अश्लिल चित्रण २० अरब अमेरिकी

1 G8 Justice and Home Affairs Minister's declaration ,Mai 2007 'Reinforcing the International Fight Against Child Pornography'

2 G8 Justice and Home Affairs Minister's declaration ,Mai 2007 'Reinforcing the International Fight Against Child Pornography'

डलर बराबरको व्यापार हो[3] जहां दश लाख बालबालिकाको योन शोषण गरिएका चित्रहरु अनलाइन उपलब्ध छन्[4] भने एक लाख भन्दा बढी बालअश्लिलताका वेबसाइटहरु सञ्चालनमा छन् । [5]

यसरी इन्टरनेटमा बाल अश्लिलताका सामग्रीहरु छ्याप्छ्याप्ती उपलब्ध हुनाले यसप्रतिको माग पनि बढ्दै गएको छ, जसको फलस्वरुप यस बढ्दो मागको परीपूर्ति गर्न बालबालिकाको यौनशोषण बढ्दै गएको छ । यस्ता सामग्रीहरुको प्रयोग नगर्ने अर्थात् यस्ता सामग्रीहरु नहेर्ने मानिसहरु पनि फाइदा र पैसाको निम्ति यस प्रति आकर्षित हुंदै गएको पाइन्छ र उनीहरु यस्ता सामग्रीको उत्पादन तर्फ अगि बढेका पाइन्छन् । [6] यसरी बालबालिकाको अश्लिल चित्रणको माग बढ्दै जांदा विभिन्न वेबसाइटहरुमा कम भन्दा कम उमेरका बालबालिकालाई अझ बढी क्रुरताका साथ शोषण गरिएका चित्रहरु हालिएका छन् ताकी विक्षिप्त मनस्थिति भएका दुराचारीहरु बढी आकर्षित हुन सकुन् । इन्टरनेट वाच फाउन्डेशनको प्रतिवेदन अनुसार यसरी बालबालिकाको अश्लि चित्रणमा प्रयोग गरिएका प्रत्येक तीन जनामा एक जना बालबालिका ६ बर्ष मुनिका र प्रत्येक २० जनामा एक जना बालबालिका दुई बर्ष भन्दा कम उमेरका पाइएका छन् । यसका साथै यस्ता सामग्रीहरुमा एक तिहाई सामग्रीहरुमा बालबालिकाको बलात्कार, सेडिजम र अमानवीय क्रुरता झल्किन्छ । [7]

इन्टरनेटका विभिन्न वेबसाइट र सामाजिक सञ्जालका साइटहरु मार्फत दुराचारीहरुले एकै समय मिलाई बालबालिकाका यस्ता चित्रहरु र भिडियोहरु प्रत्यक्ष (live) समेत हेर्ने गरेका छन् ।

**२) हानी पुऱ्याउने मनसायले सम्बन्ध गांस्ने (Grooming for harm)**

जब बालबालिकाहरु च्याट गर्छन्, मेसेज बोर्डहरुमा वा प्रोफाइल साइटहरुमा सूचना साटासाट गर्छन् वा अनलाइन गेमहरु खेल्छन् उनीहरुलाई दुराचारीहरुले सजिलै आंदा लाउने, सम्पर्क गर्ने र खोज्न सक्ने हुन्छन् । यी दुराचारीहरुले खासगरी वेवास्ता गरिएका, एक्लो महसुस गर्ने र दुःखी बालबालिकाहरुलाई ताकीरहेका हुन्छन् । धेरै जसो प्रतिवेदनहरुले के देखाउंछ भने बालबालिका तथा नवयुवाहरु माझ धेरै प्रख्यात सामाजिक सञ्जालका साइटहरुले दुराचारीहरुलाई धेरै आकर्षित गर्दछन्  किनकी यसमा बालबालिकाका व्यक्तिगत विवरणहरु (जस्तै बालबालिका कहां बस्छन्?) समेत पत्ता लगाउन सकिन्छ । आफूपनि सानो उमेरको बालबालिका वा नवयुवा भनेर ढांटेर यी दुराचारीहरुले बालबालिकासंग नजिकिन खोज्छन् र साथी बनाउंछन् । दुराचारीहरुले बालबालिकाको विश्वास जित्न बालबालिकाको बयान गर्ने र उनीहरुको मनको सबै कुरा बुझ्ने मानिसको रुपमा आफूलाई प्रस्तु गर्दछन् । यसरी बिस्तारै बालबालिकासंग नजिक भएका बालबालिकाको सम्पूर्ण व्यत्तिगत विवरण पत्ता लगाइ बालबालिकालाई अन्ततः एक्लै भेट्न समेत उक्साउंछन् । बालबालिकालाई भेट्नको निम्ति यिनीहरुले बालबालिकालाई ब्याकमेल गर्ने समेत गर्छन् र कति बेला यिनीहरुले बालबालिकालाई अश्लिल सामग्री देखाउने वा वेब क्यामरा मार्फत् आफ्ना यौनअंगहरुको प्रदर्शन गर्ने समेत गर्छन् । बालदुराचारी नभएपनि नवयुवतीहरु प्रति यौन आकर्षित भएका कतिपय वयस्कहरु (पुरुष) ले धेरैजसो किशोरीहरुलाई सम्पर्क गर्छन् ।[8] यस्ता सम्पर्क विस्तार गर्न यिनीहरुले विभिन्न वेबसाइटहरु, च्याट गर्ने साइटहरु र सामाजिक सञ्जालका साइटहरु प्रयोग गरी आफू जवान र किशोर भनी प्रस्तुत हुन्छन् ।

जब विस्तारै बालबालिका र किशोर किशोरीहरुको विश्वास जित्न सफ हुन्छन, तब उनीहरुले यौनिक बिषयहरुमा आफ्नो कुराहरु अगाडी राख्न थाल्नछन् र अनि भेटघाटको र यौन सम्बन्ध राख्न प्रस्तावहरु राख्छन् । यी दुराचारीहरुले किशोरीहरुलाई वेब क्यामरा मार्फत तस्वीरहरु पठाउन उक्साउंछन् र पछि त्यसैलाई आफूसंग यौन सम्पर्क राख्नको लागि ब्ल्याकमेल गर्न प्रयोग गरी फसाउंछन् । अनलाइनमा नवयुवाहरुको यौनिक तस्वीरहरुको

3 ECPAT 2005, 'Violence against Children in cyberspace'

4 Howe, A. 2005, June 23.' Proceedings of the Standing Senate Committee on Legal and Constitutional Affairs'. Issue 17. Evidence for June 23, 2005. Ottawa, Canada. Retrieved from: http://www.parl.gc.ca/38/1/parlbus/commbus/senate/Com-e/lega-e/17evb-e.htm/Language=E&Parl=38&Ses=1&comm_id=11

5 Interpol 2007

6 ECPAT, 2005, 'Violence against Children in Cyberspace'

7 Internet Watch Foundation  2007, derived from: http//news.bbc.co.uk, 24 October 2007

8 Wolak, Finkelhor, Mitchell, Ybarra, 2008, 'Online Predators and their Victims', published in American Psychologist Feb-March  2008

माग र प्रयोग एक नराम्रो नयां चलनको रुपमा अगाडि आएको कुरा ‘Online victimization of Youth Report’ भन्ने प्रतिवेदनले सार्वजनिक गरेको छ । [9]

बालबालिका र किशोर किशोरीहरुको यौन शोषण भौतिक संसारमा मात्र सिमित छैन । कतिपय दुराचारीहरुले सीधा इन्टरनेट मार्फत नै बालबालिकाको यौन शोषण गर्छन् । यिनीहरुले बालबालिकासंग यौनजन्य कुराहरु गरी तथा बालबालिकालाई यौनजन्य सामग्रीहरु देखाई र आफ्ना यौन अंगहरु प्रदर्शन गरी यौन आनन्द लिन्छन् । यसबाहेक एक चौथाइ भन्दा बढी किशोर किशोरीहरुले आफूहरुले नचिनेका मानिसहरुसंग अनलाइनमा यौनजन्य कुरा गरेको स्वीकारेका छन् । [10] नवयुवाहरुको यस व्यवहारले अनलाइनमा हुन सक्ने यौन हिंसा र हानीको लागि दुराचारीहरुले गर्ने सम्पर्कका बारेमा चाडै सचेत गर्नु पर्ने कुरालाई स्पष्ट पार्दछ ।

### ३) अश्लील तथा अन्य हानिकारक सामाग्रीहरुको अवलोकन पहुँच/प्रभाव (Exposure to pornography & harmful materials)

इन्टरनेटको विश्वव्यापी पहुंचको फलस्वरुप बालबालिका तथा नवयुवाहरुमा अश्लिल सामग्रीहरु तथा उमेर अनुचित सामग्रीहरु जस्तै हिंसा, लागु पदार्थ तथा अन्य गैरकानुनी गतिविधिहरुको प्रभाव द्रुततर गतिमा बढ्दो छ । इन्टरनेट प्रयोग गर्ने अधिकांश बालबालिकाहरुले आफूले नचाहंदा नचाहंदै अश्लिल सामग्रीहरुको सामना गर्नु परेको र सो बाट आफूहरु विचलित भएको बताउंछन् । यो संख्या दिनपरदिन बढ्दो छ र यसो हुनुको कारण अश्लिल वेबसाइटहरुको आक्रामक बजारीकरण र विवादास्पद सफ्टवेरहरु हुन् जसमा अनलाइन खेल तथा अन्य बालबालिकामा लोकप्रिय साइटहरु समेत पर्दछन् । [11] यसको विपरीत केही बालबालिकाहरु (धेरैजसो बालकहरु) जानाजानी यस्ता अश्लिल वेबसाइटहरु नियमित रुपमा हेर्ने गर्दछन् जसको कारण बालबालिकाहरुमा इन्टरनेटमा अश्लिल सामग्री हेर्ने लत समेत लाग्ने गरेको पाइन्छ । (सन् २००७ मा डच पत्रपत्रिकामा प्रकाशित समाचारहरु) त्यसैगरी पाकिस्तानमा गरिएको एक सर्वेक्षण अनुसार इन्टरनेट क्लबहरु प्रयोग गर्ने बालकहरुमा ८० प्रतिशतले अश्लिल सामग्रीहरु हेर्ने गरेका थिए ।[12] धेरैजसो बालकहरुले अश्लिल तथा हिंसात्मक सामग्रीहरु मेमोरी स्टीक वा पेनड्राइभमा डाउनलोड गरेर वा आफैले यस्ता सामग्रीहरु उत्पादन गरी मोबाइल फोनहरु पमार्फत साटासाट गर्ने गर्छन् ।[13] नवयुवा र बालबालिकामा यसरी निरन्तर र लामो समयसम्म अश्लिल सामग्रीहरुको प्रयोगको प्रभाव र यसले बालबालिकाको मनमष्तिष्कमा यौन प्रति कस्तो विचार पैदा गर्ला भन्ने बारेमा निकै थारै अनुसन्धान भएको छ ।

यस्ता मानव मूल्य, मान्यता बिनाको उमेर नसुहाउंदो तथा अश्लिलता मार्फत् भएका कुनै पनि यौनसम्बन्धी सूचना र शिक्षाले कलिलो बालमष्तिष्कमा गहिरो प्रभाव पारेको हुन्छ । यस्ता कुप्रभावले उनीहरुको यौन तथा अन्य सम्बन्धहरुको आधारभूत बुझाईलाई आकार दिएको हुन्छ । इन्टरनेट तथा अन्य आम सञ्चारमाध्यमहरुको प्रभावले बालबालिकाको अनलाइन र भौतिक संसारमा उनीहरुको व्यवहारहरुलाई निर्क्योल गरेको हुन्छ । उदाहरणको लागि, कतिपय किशोरीहरुले पकेट खर्चको निम्ति आफ्नो शरीर बेच्ने गरेको प्रचलन नेपालमा पनि व्याप्त भइसकेको छ भने किशोर किशोरीहरुले आफ्नो तथा आफ्ना सहपाठीहरुको अश्लिल चित्रहरु इन्टरनेट र मोबाइल फोन मार्फत प्रचार प्रसार गर्ने एवं आफूहरु साइबर यौन कृयाकलापमा संलग्न हुने तथा बढ्दो साइबर अपराध र यौन हिंसाहरुमा संलग्न भएका घटनाहरु बढ्दै गएको छ ।

सिविन हेल्पलाइनमा सन् २००९ मा दर्ता भएको एक घटनामा एक जना १४ बर्षको किशोरले आफूभन्दा दुई बर्ष कान्छी घरेलु कामदार बालिकालाई आफूले इन्टरनेटमा हेरेको अश्लिल सामग्रीको देखासिखि गरी बलात्कार गरेको स्वीकारेका छन् ।

9 Wolak,Mitchell, Finkelhor, 2006 'Online Victimization of Youth', National Centre for Missing & Exploited Children

10 Teen Research Unlimited, ‘2005,‘Topline Findings from Omnibuzz Research’

11 Wolak Mitchell Finkelhor, 2006, ‘Online Victimization of Youth’, National Centre for Missing& Exploited Children

12 Muhammad T, July 2004, ‘Danger for Children at Pakistan’s cafes’, ECPAT newsletter No 48, p.5, citing Pakistan Paediatric Association and Save the Children Sweden,2001, 'Exposure of children to pornography at Internet cafes of Pakistan'.

13 Prof. Sonia Livingston, 2008, EU Kids Online Survey

**४) साईबर हेपाई र साइबर स्पेसले गर्दा हुने सामाजिक प्रभाव (Social influence of cyberspace and cyber bullying)**

साइबर स्पेसमा आफू चिनिंदैन भन्ने सोच र सामाजिक मापदण्डमा कमीका कारण मानिसहरु खासगरी बालबालिका र नवयुवाहरुको सामाजिक व्यवहार साइबर स्पेसमा फरक रहने गरेको छ । मानिसहरु साइबर स्पेसमा सामान्यतया आफूले भन्ने र गर्ने गरेको भन्दा फरक व्यवहार गर्छन् । खासगरी नवयुवाहरु माझ साइबर स्पेसमा केही अमान्य यौन व्यवहारहरु सामान्य बन्दै गइरहेको छ र यस्तो व्यवहारहरु उनीहरुको सांच्चिकैको जीवनमा पनि फैलिंदै गइरहेको छ । त्यसैगरी अनलाइनमा हेपाइ तथा डराउने, धम्काउने करा एक सामान्य चलन जस्तै भइसकेको छ । यस्ता हेपाईका गतिविधिहरु अरुलाई धम्काउने, अर्काको बारेमा गलत कुराहरु फैलाउने, आफ्ना साथीहरु वा नचिनेका मानिसहरुको नराम्रा चित्रहरु उनीहरुलाई हिनताबोध गराउन र बेइज्जत गर्ने इत्यादी सम्म पर्दछन् । जसकारण पीडितहरु ज्यादै डराउने, तर्सिने र मानसिक रुपमा विचलित समेत हुन पुग्छन् । हेपाइका कारण पीडितहरुलाई डिप्रेशन र मनोरोगका लक्षणहरु समेत देखापर्ने हुन्छ । उनीहरुले आफूलाई सामाजिक रुपमा अप्ठ्यारो महसुस हुने र विद्यालयमा अर्न्तसम्बन्धमा गाह्रो हुने गर्दछ जसको कारण उनीहरुको व्यक्तिगत तथा शैक्षिक विकासमा समेत असर परेको हुन्छ ।[14] अनलाइनमा युवाहरु बिच हुने यस्ता हेपाइका घटनाहरु केही बर्ष यता ५० प्रतिशतले बढेको अनुमान गरिन्छ ।[15]

**५) अनलाइन खेलहरु र यसको लत (Online gaming and addition)**

इन्टरनेटमा अनलाइन खेलिने अन्तर्क्रियात्मक खेलहरु धेरै लोकप्रिय छन् र बजारमा यस्ता खेलहरु द्रुततर गतिमा बढ्दै गइरहेका छन् । व्यापक रुपमा दुईभन्दा बढी खेलाडीहरु संलग्न भई काल्पनिक र अलौकिक दुनियांमा पसेर खेलिने यस्ता खेलहरुले बालबालिकाको व्यक्तिगत विकासमा गहिरो प्रभाव पार्दछ र यो प्रभाव बालबालिकाको विसको तह, यसको हुर्काई र सामाजिक वातावरणमा पनि भर पर्दछ । यी खेलहरु धेरैजसो अति हिंसात्मक हुन्छन् । हिंसामुखी सञ्चारको प्रभावको बारेमा गरिएका अनुसन्धानले के बताउंछ भने लामोसमय सम्म यस्ता सामग्रीमा पहुंच र प्रयोगले बालबालिकामा हिंस्रक व्यवहार जन्माउन सक्छ ।[16]

साना बालबालिकामा (१२ बर्ष सम्मका) यस्ता अन्तर्क्रियात्मक किसिमका खेलहरुले बढी प्रभाव पार्न सक्दछ, किनकी यिनीहरुले आफ्नो मूल्य मान्यताहरु यस्ता सामग्रीहरुबाट देखासिखि गरी विकास गर्छन् ।[17] अनुसन्धानहरुले संख्या धेरै देखाएपनि यस्ता खेलहरुको गहिरो लत लागेका बालबालिकाको संख्या निकै छ ।[18] यी खेलहरु कम्पुटर खेल खेल्ने ठाउं वा इन्टरनेटको पहुंचबाट खेलिएको भएपनि बालबालिकालाई जोखिमपूर्ण सम्पर्कहरु र अनावश्यक हिंसक र अश्लिल सामग्रीहरुको सामिप्यमा ल्याउंछन् ।

**६) अन्य जोखिमहरु (Other possible harms to children online)**

अनलाइनमा बालबालिका लक्षित जबर्जस्ती व्यावसायिकतालाई पनि हामीले ध्यान दिनु पर्दछ । Fair Game Report का अनुसार धेरै जसो बालबालिकाका वेबसाइटहरु विज्ञापनमा भर परेका हुन्छन् । बालबालिकाका मनपर्ने वेबसाइटहरुमा एक तिहाई विज्ञापनहरु वयस्कहरुको निम्ति बनाइएका हुन्छन् जसमा जुवा, यौन सम्पर्क लगायतका विज्ञापनहरु पर्दछन् ।[19] र धेरै जसो अवस्थामा बालबालिकाले यी विज्ञापनका आशयहरु बुझेका हुंदैनन् र यी बालबालिकाहरु घरमाउरो हिसाबले शोषणको शिकार बनाइन्छन् ।

---

14 Campbell, MA 2005, Cyber Bullying: An old problem in a new guise, Ecpat Newsletter

15 Wolak Mitchell Finkelhor, 2006, Online Victimization of Youth National', Centre for Missing & Exploited Children

16 Stanley, J. (2001) Child Abuse and the Internet, Child Abuse Prevention Issues, No. 15, Summer, as quoted in ECPAT report 'Violence against Children in Cyberspace'

17 Byron review 2007, Children and New Technology

18 Byron review 2007, Children and New Technology

19 Fair Game Report, National Consumer Counsel UK, 2007, data published at Child net International

## नेपाली बालबालिकाको इन्टरनेट अनलाइन व्यवहार

सिविन नेपाले सन् २००३ तथा २००५ मा बालबालिकाको यौन दुर्व्यवहारको बारेमा गरेका अनुसन्धानहरुमा नेपालका विभिन्न भागमा रहेका बालबालिकाले आफूहरु इन्टरनेट अनलाइनमा रहेका अश्लिल सामग्रीहरुबाट प्रभावित भएको बताएका थिए । तसर्थ सिविन नेपाले इन्टरनेट अनलाइनमा नेपाली बालबालिका असुरक्षित हुन सक्ने तथ्यलाई मध्यनजर गरी नेपाली बालबालिकाको अनलाइन व्यवहार र इन्टरनेट प्रयोगको बारेमा काठमाडौं उपत्यका भित्र एक अनुसन्धान गरेको छ । सन् २००८ मा गरिएको करीब १५०० बालबालिकासंग गरिएको यस अनुसन्धानले निम्न तथ्यहरु अगाडि ल्याएको छ :

**जम्मा उत्तरदाता** : **१४३०** (६८६ बालक, ७०० बालिका र ४४ थाहा नभएको)
**उमेर समुह** : **१२** देखि **१८** वर्ष
**विद्यालय** : सरकारी: **४६७**, निजी: **९४९**, थाहा नभएको: **१४**

१. अनुसन्धानमा सहभागी कुल बालबालिकामध्ये ८२% बालबालिकाले इन्टरनेट प्रयोग गर्ने गरेको पाइएको थियो । जसमध्ये ९४.७% निजी विद्यालयका र ५८.३% सरकारी विद्यालयका विद्यार्थीहरु पर्दछन् ।

२. अनुसन्धानमा सहभागी कुल बालबालिकामध्य ७४% बालिकाहरु र ९१% बालकहरु इन्टरनेट प्रयोग गर्ने पाइएको छ ।

३. अनुसन्धानमा सहभागी कुल बालबालिकामध्य ६३% बालबालिकाले साइवर क्याफेमा र ५१% बालबालिकाले घरमा इन्टरनेट प्रयोग गर्ने गरेका छन् ।

४ अनुसन्धानमा सहभागी कुल बालबालिकामध्य २६.३% बालिका र ७३.७% बालकहरुले आफ्नो व्यक्तिगत जानकारी आफूले नचिनेको व्यक्तिहरुलाई दिने गरेका छन् ।

५ अनुसन्धानमा सहभागी कुल बालबालिकामध्य १.७% बालबालिकाहरुले अश्लिल वेब साइटलाई आफूलाई मनपर्ने पाँच वेबसाइट मध्ये एक साइट भएको बताएका छन् ।

६ अनुसन्धानमा सहभागी क’ल बालबालिकामध्य् ११% बालबालिकाले अनलाइनमा आफूले नचिनेको व्यक्तिसँग यौनजन्य कुराकानी गरेको बताएका छन् ।

७ अनुसन्धानमा सहभागी क’ल बालबालिकामध्ये ६०.३% बालबालिकाले अञ्जान साथीहरुसँग व्यक्तिगत भेटघाट गरेको बताएका छन् । जसमध्ये १५.५% ले पहिलो भेटमा नराम्रो अनुभव गरेको बताएका छन् ।

८ अनुसन्धानमा सहभागी कुल बालबालिकामध्य ६६.६% बालबालिकाले यौनजन्य सामाग्री जस्तै तस्वीर, फिल्म, मोबाइलमा MMS आदि हेरेको बताएका छन् ।

९ अनुसन्धानमा सहभागी कुल बालबालिकामध्य ३६% बालबालिकाले जानी-जानी यौनजन्य सामाग्री हेरेको बताएका छन् ।

१० अनुसन्धानमा सहभागी कुल बालबालिकामध्य पहिलो पल्ट यौनजन्य सामग्री देख्दा ३९.४५% बालबालिकाले आफू तर्सिएको बताए भने १८.७% ले केही पनि महसुस नगरेको तथा १३.७% ले आफूलाई मजा लागेको बताएका छन् ।

११ अनुसन्धानमा सहभागी कुल बालबालिकामध्य ३५.६% बालबालिकाले इन्टरनेटमा आफूले वास्तविक जीवनमा नगर्ने काम गरेको र भनेको बताएका छन् ।

*बालबालिकाले भोगेका वा अनुभव गरेका नराम्रा अनुभवहरुको बारेमा सोधिएको निम्न प्रश्नहरुको जवाफ केवल एक तिहाई बालबालिकाले मात्र दिएका थिए , जसमा:*

१२ अनुसन्धानमा सहभागी एक तिहाई बालबालिकामध्ये ९९% बालबालिकाले इन्टरनेटमा यौनजन्य सामग्री हेरेको बताएका छन् ।

१३ अनुसन्धानमा सहभागी एक तिहाई बालबालिकामध्ये १८.९% बालबालिकाले इन्टरनेटमा यौनजन्य सामग्री दिनहुँ जसो हेरेको बताएका छन् ।

१४ अनुसन्धानमा सहभागी एक तिहाई बालबालिकामध्य ९१.५% बालबालिकाले इन्टरनेट मार्फत घटेका नराम्रा अनुभवहरु स्वयंले भोगेका छन् र यसबारे सुनेका पनि छन् । यसमध्ये, ७५.२% बालबालिकाले अश्लील तस्वीर (नग्न र पोर्नोग्राफी) देखेको, ६७% ले अश्लील भाषा सुनेको र भोगेको, ६७.८% बालबालिकाले हेपाइ र हैरानीको महसुस गरेको तथा ६२.२% ले इन्टरनेटमा नराम्रो व्यवहार व्यवहार भोगेको बताएका छन् ।

१५ ५.४% बालबालिकाले आफ्नो तस्वीर वेव क्याम मार्फत देखाएको बताएका छन् ।

यस अनुसन्धानले कसरी र कुन हदसम्म नेपाली बालबालिका इन्टनेट अनलाइनमा हुने बाल दुराचार तथा दुर्व्यवहारबाट प्रभावित हुन सक्छन् भन्ने कुरा उजागर गरेको छ । साथै यस बिषयमा समयमै सबै सम्बन्धित पक्षको उचित ध्यान जानु पर्ने इगिंत गरेको छ ।

## सरोकार र सुझावहरु

धेरै मानिसहरुलाई लाग्छ की नेपाल जस्तो पिछडीएको देश जहां बालबालिकाको भोक, रोग र शिक्षाको कुरा तडकारो रहेको छ, त्यहां इन्टरनेट जस्तो नयां प्रविधिले बालबालिकामा कति नै असर पार्ला र? अधिकांश जनसंख्या स'चना र खासगरी इन्टरनेटको पहुंचबाट बञ्चित रहेको राष्ट्रमा इनटरनेट अनलाइनमा बालबालिकाको संरक्षणको क'रा गर्दा यसलाई बाल संरक्षणको बिषयबस्तु नै नभएको समेत भनिन्छ ।

तर सुचना प्रविधिको विकास द्रुततर गतिमा भइरहेको अवस्था अनि क्रमशः बालबालिकामा यी प्रविधिहरुको पहुंच सुलभ भइरहेको अवस्थामा नेपाली बालबालिकालाई अनलाइनमा हुन सक्ने कुनै पनि किसिमको हानी नोक्सानीबाट बचाउनको निम्ति सबै सम्बन्धित पक्षहरु अहिले नै चनाखो रहनु पर्ने देखिन्छ । होइन भने यस समस्याले जरा गाडी सकेपछि बालबालिकाको संरक्षण गर्न निकै गाह्रो हुनेछ र पश्चिमा देशहरुमा जस्तै त्यहांका बालबालिकाहरु निकै जोखिममा परेको पुष्टी भइसकेपछि मात्र हाम्रो आंखा खुलेमा अवोध निर्दोष बालबालिकाहरुका जीवनहरु जोखिममा समेत पर्न सक्ने छ । अतः विभिन्न सरोकारवालाहरुले आ-आफ्नो ठाउंबाट उचित कदमहरु चाली बालबालिकाको समयमै संरक्षण गर्न अघि बढ्नु पर्दछ ।

### <u>संचेतना र जनचेतना</u>

- बालबालिका, अभिभावक, शिक्षक, इन्टरनेटसंग सम्बन्धित विभिन्न निकायहरु, सरकारी निकायहरु र नीति निर्माणको तहमा यस बिषयमा चेतनाका जगाउनु जरुरी छ । सबै सम्बन्धित पक्षहरु बिच व्यापक छलफल र सहकार्य हुनु जरुरी छ । यस बिषयलाई सरोकारको बिषय बनाई बालबालिकाको संरक्षणमा अग्रसर हुन सबै पक्षलाई झकझक्याउनु पर्दछ । (यसै पक्षलाई मध्यनजर गर्दै सिविनले सन् २००८ देखि एक इन्टरनेट अनलाइनमा बालसंरक्षण सम्बन्धी एक अभियान शुरु गरेको छ । यस अन्तर्गत अनुसन्धान, जनचेतना, राष्ट्रिय संचेतना, बालबालिका र अभिभावकहरुसंग अर्न्तक्रिया तथा एक सरोकारवालाहरुको एक राष्ट्रिय कार्यसमूह समेत निर्माण भएको छ । जसमा सम्बन्धित सरकारी निकायका प्रतिनिधि, गैरसरकारी सामाजिक संस्थाहरु, तथा सञ्चार एवं सूचना प्रविधिसम्बन्धी संस्थाका प्रतिनिधिहरु समेत रहेका छन् । )
- अनलाइमा सुरक्षासम्बन्धी सुचनालाई शैक्षिक पाड्यक्रमकै समावेश गरिनु पर्दछ र शिक्षकहरुको तालिममा पनि यस विषयलाई समावेश गरिनु पर्दछ ।

## नीति विकास तथा कानुन

यदी बाल यौनशोषणका चित्रहरु कहिं कतैपनि कानुन सम्मत हुन्छन् भने ती चित्रहरु सबैतिर धेरै सजिलै उपलब्ध हुनेछन् । [20]

इन्टरनेटको विश्वव्यापी विकासले बालदुराचारी र बालअश्लिल व्यापारीहरुको लागि पनि व्यापारिक अवसरहरु खोलिदिएको छ । नयां प्रविधिहरुको द्रुततर विकासले बालअश्लिलताका व्यापारीहरुको सञ्जाल विस्तार हुनुका साथै यसको वितरणमा पनि व्यापकता ल्याएको छ । बालमैत्री र सशक्त कानुन अनि कानुनको सही कार्यान्वयनले नै यी अपराधीहरुलाई कानुनको दायरामा ल्याउन सक्नेछ र बालबालिकाको संरक्षणमा टेवा पुग्ने छ ।

बालयौनदुराचार (पेडोफिलिया) र बाल अश्लिल चित्रणका वेबसाइटहरु अनलाइमा नबालसंरक्षण सम्बन्धी कानुन र कारवाही कडा नभएका देशहरुका बनाइएको पाइन्छ यस हिसाबबाट नेपाल यस्ता क्रियाकलापको लागि गन्तब्य हुन सक्ने सम्भावनालाई नकार्न सकिन्न । तसर्थ नेपाली बालबाालिकालाई यस्तो अमानवीय अपराधबाट जोगाउन सशक्त नीति तथा कानुनहरु लागु हुनु नितान्त जरुरी छ ।

नेपालले सं.रा.बालअधिकारसम्बन्धी महासन्धि (१९८९) तथा यसको ऐच्छिक अभिसन्धि २००० (बालबालिकालाई व्यावसायिक यौन शोषण तथा अश्लिल चित्रणबिरुद्ध) पारित गरेको छ । त्यसैगरी अन्तर्राष्ट्रिय श्रम संगठनको निकृष्ठ किसिमका बालश्रम उन्मूलन सम्बन्धी सन्धि (१८२) पनि पारित गरेको छ ।

नेपाली बालबालिकासम्बन्धी ऐन १९९२ को दफा १६ को उपदफा (१) को खण्ड (ट) मा प्रयुक्त "बाल अश्लीलता" भन्नाले कसैले पनि बालबालिकालाई निजको मन्जुरी लिई वा नलिई वा डर, धाक, धम्की देखाई वा प्रलोभनमा पारी वा बेहोस पारी व्यापारिक वा गैरव्यापारिक प्रयोजनका लागि बालकको यौनअंग देखिने गरी वा निजलाई काल्पनिक वा वास्तविक यौन क्रियाकलापमा संलग्न गराई तस्वीर खिच्ने वा उतार्ने वा विद्युतीय वा वैयक्तिक वा अन्य सञ्चारमाध्यमबाट प्रकाशन, प्रसारण तथा वितरण गर्ने गराउने कार्य सम्झनुपर्छ ।

उपदफा (१) को खण्ड (ट) मा प्रयुक्त "यौनजन्य दुर्व्यवहार" भन्नाले कसैले पनि बालबालिकालाई निजको इच्छाविरुद्ध वा निजको मन्जुरी लिई वा प्रलोभनमा पारी वा अन्य कुनै तरहले छोएर वा नछोई अश्लील तथा यौनजन्य आचरण वा व्यवहार झल्कने अभिव्यक्ति वा हाउभाउ प्रदर्शन गरेको वा यौनजन्य क्रियाकलापका लागि प्रस्ताव गर्ने, फकाउने वा दबाब दिने वा शरीर तथा संवेदनशील अंगमा स्पर्स गर्ने, चुम्बन गर्ने, समाउने, अङ्कमाल गर्ने, बेहोस पार्ने वा संवेदनशील अंग प्रदर्शन गर्ने वा बालबालिकालाई कुनै पनि तरिकाले अश्लील चित्र आदि देखाउने कार्यलाई समेत जनाउँछ

दण्डसजाय:

कसैले दफा १६ को उपदफा (१) को खण्ड (ट) विपरीत बाल अश्लीलतासम्बन्धी छ महिना देखि दुई वर्षसम्म कैद वा दुई लाख रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ ।

कसैले दफा १६ को उपदफा (१) को खण्ड (ट) विपरीत यौनजन्य दुर्व्यवहार गरेमा दुई महिनादेखि एक वर्षसम्म कैद वा पचास हजार रुपैयाँसम्म जरिबाना वा वा दुवै सजाय हुनेछ ।

यसका अतिरिक्त नेपाल सरकारले विद्युतीय आदान-प्रदान ऐन २००६ र यसको नियमावली २००७ पारित गरेको छ । यस ऐनमा बालबालिकाको संरक्षण सम्बन्धी प्रत्यक्ष बुंदाहरु उल्लेख गरिएका छैनन् । यस ऐनको दफा ४७ मा विद्युतीय माध्यममा गैरकानुनी सामग्रीहरुको प्रकाशनको सन्दर्भमा जो कसैले पनि इन्टरनेट, कम्प्युटर लगायत विद्युतीय माध्यममा आम नागरिकको हित विपरित र अन्य कानुनले बर्जित गरेका कुनैपनि सामग्रीहरु प्रकाशन वा प्रदर्शन गरेमा एक लाखसम्मको जरिवाना तथा ५ बर्षको कैद वा दुबै सजाय हुन सक्ने कुरा उल्लेख गरिएको छ ।

20 G8 Ministers statement on reinforcing the international fight against child pornography, May 24th, 2007

- यस संग सम्बन्धित कुनैपनि नीति नियम र कानुनमा बालबालिकाको परिभाषा स्पष्ट गरी १८ बर्ष मुनिकालाई बालबालिका मान्नु पर्दछ ।
- यी नीतिहरुमा बालअश्लिलताको स्पष्ट परिभाषा दिने र सबै किसिमका बालअश्लिलता उत्पादन, प्रयोग र वितरण गर्नेलाई कडा कार्यवाहीको व्यवस्था गर्नु पर्दछ ।
- साईबर क्याफेहरुको दर्ता गर्ने र सम्बन्धित निकायले अनुगमन गर्नु पर्दछ ।
- न्यायिक एवं प्रहरी निकायमा काम गर्ने व्यक्ति तथा निकायहरुलाई तालिम दिनु पर्दछ ।
- साईबर काईमको सेल खडा गर्ने जसमा बालसंरक्षणको छुट्टै व्यवस्था गर्नु पर्दछ ।
- सुपुर्दगी सन्धी र कानुनलाई महत्व दिई यसलाई व्यवहारमा उतार्नु पर्दछ ।

**आई.एस.पी.(ईन्टरनेट सुबिधा प्रदारकहरु)**

बालबालिकालाई साइबरस्पेसमा हुने शोषण र हिंसा तथा बालअश्लिलताको नियन्त्रण गर्न इन्टरनेट सुविधा प्रदारकहरुको भूमिका महत्वपूर्ण हुन्छ । यस निकाले निम्न कदमहरु चाली बालसंरक्षणमा मद्दत गर्न सक्छन् ।

- गैर कानूनी सामाग्री तथा बालअश्लिलताका बारेमा जानकारी भएमा सम्बन्धित निकायहरुलाई खबर गर्ने र उचित निकायसंग मिलेर चाहिने कदम चाली यस्ता सामग्रीहरुको प्रचारप्रसारमा रोक लगाउने ।
- बालयौन शोषण र अश्लिलता दर्शाउने वेबसाईटहरुलाई रोक्ने ।
- स्पाम, जंकमेलहरु फिल्टर गर्ने तथा अन्य बाल सुरक्षाको निम्ति प्रयोग हुने फिल्टर सफ्टबेर सित्तैमा वितरण गर्ने ।
- इन्टरनेटमा डाटाको जानकारी ५० -९० दिनसम्म भईराख्नेगरी संचय गर्ने ।
- बाल सुरक्षाका जानकारी होमपेज अथवा ग्राहकहरु साईनअप हुने बेलामा दिने ।

**मोवाईल फोन अपरेटरहरु**

नयां प्रविधि र 3rd जेनेरेशन मोबाइल फोनहरुको प्रयोग बढ्दै गएपछि बालबालिकाको पनि मोबाइलबाट इन्टरनेटमा पहुंच बढ्ने छ । यस अवस्थामा बालबालिकाको व्यक्तिगत गतिविधि अनुगमन गर्न कठीन हुनेछ । तसर्थ,

- फोन मार्फत ईन्टरनेट प्रयोग गर्दा १८ बर्ष मुनिकाहरुलाई अनमोडरेट च्याटरुम तथा पोनोग्राफिक साईटहरुमा बन्देज लगाउने ।
- मोबाइलको डाटाको जानकारी ५० -९० दिनसम्म भईराख्नेगरी संचय गर्ने ।

**साईवर क्याफेहरु**

अधिकांश नेपाली बालबालिकाले इन्टरनेटको प्रयोग साइबर क्याफेहरुमा गर्ने हुंदा बालबालिकाको संरक्षण र बालबालिकालाई सजग बनाउन साइबर क्याफेहरुको भुमिका सशक्त हुन सक्दछ ।

- साइबर क्याफेलाई उपयुक्त सरकारी निकायमा दर्ता गर्ने ।
- कसले के गर्दै छ , हेर्दै छ भनेर थाहा पाउने किसिमले कम्प्य’टरहरु राख्ने ।
- साइबरमा क्याबिन नबनाउने । छ भने हटाउने ।
- साइबर प्रयोगकर्ताहरुको नम दर्ता गर्ने ।
- सुरक्षाबारे जानकारी दिने सामाग्रीहरु (जस्तै पोष्टर) राख्ने ।
- बालबालिकाका निम्ति छानिएका सामाग्री अथवा छुट्टै बाल मैत्री (चाईल्ड फ्रेन्डली) ब्राउजर भएको कम्प्युटरहरु प्रदान गर्ने ।
- बालबालिकालाई उमेर अनुचित वेबसाइट र खेलहरु खेल्न बन्देज लगाउने ।
- क्याफे चलाउनेहरुलाई अपराधिक तथा गैर कानुनी क्रियाकलापबारे तालिम दिने ।

# References


1. Tuladhar Sumnima, Lampe Cecile and Pant Archita. ‘A Study on the Use of Internet by Children: Study Carried out in the Kathmandu Valley’ CWIN –Nepal 2008
2. Manzi, Major Giorgio Stefano. “A Challenge for the Real World’, *ECPAT Newsletter*, Italian Internal Affairs Ministry, International Police Cooperation Department.
3. G8 Justice and Home Affairs Ministerial Declaration May 2007 ‘*Reinforcing the International Right Against Child pornography*’, 2007.
4. Muir, Deborah. 2005 ECPAT (End Child Prostitution Child Pornography and Trafficking of Children for Sexual Purposes), *‘Violence Against Children in Cyberspace’*.
5. Howe, A. *‘Proceedings of the Standing Senate Committee on Legal and Constitutional Affairs’*. Issue 17. Evidence for June 23, 2005. Ottawa, Canada. Accessed [2008] http://www.parl.gc.ca/38/1/parlbus/commbus/senate/Com-e/legae/17evbe.htm/Language=E&Parl=38&Ses=1&comm_id=11
6. *Internet Watch Foundation (IWF) 2007*, Accessed [24 October 2007] http//news.bbc.co.uk/2/hi/uk_news/7059290.stm
7. Wolak, Finkelhor and Mitchell 2006, *‘Online Victimisation of Youth’* National Centre for Missing & Exploited Children, Crimes against Children Research Centre, University of New Hampshire, US (http://www.unh.edu/ccrc/pdf/cv138.pdf)
8. Wolak, Finkelhor, Mitchell and Ybarra, 2006, ‘Online “Predators” and Their Victims- *Myths, Realities, and Implications for Prevention and Treatment*, Crimes against Children Research Centre, University of New Hampshire, US (http://www.apa.org/journals/releases/amp632111.pdf)
9. Muhammad, T, July 2004, *‘Danger for children at Pakistan’s Cafes’*, ECPAT(End Child Prostitution Child Pornography and Trafficking of Children for Sexual Purposes) Newsletter No 48, p.5
10. Wolak, Finkelhor and Mitchell 2006, *‘Online Victimisation of Youth’* Crimes against Children Research Centre, University of New Hampshire, US (http://www.unh.edu/ccrc/pdf/CV138.pdf)
11. Campbell, MA, 2005. Cyber Bullying: An Old problem in New Guise, ECPAT (End Child Prostitution Child Pornography and Trafficking of Children for Sexual Purposes) Newsletter. (http://www.isafe.org/channels/sub.php?ch=op&sub_id=media_cyber_bullying)
12. Stanley, J. (2001). ‘Child Abuse and the Internet’, *Child Abuse Prevention Issue No. 15*, Summer 2001, Australian Institute of Family Studies.
13. National Consumer Counsel United Kingdom, *Fair Game Report*, 2007.
14. ECPAT (End Child Prostitution Child Pornography and Trafficking of Children for Sexual Purposes) 2007, *‘Violence in Cyberspace: Old Problems Magnified and Complicated’* ECPAT Newsletter no 52. (http://www.ecpat.net/EI/Publications/ICT/Cyberspace_ENG.pdf)